# स्वार्थको द्वन्द्व व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** सार्वजनिक पदाधिकारीको कार्यसम्पादन तथा जिम्मेवारीलाई निष्पक्ष, जवाफदेही तथा विश्वसनीय बनाउन र त्यस्ता पदाधिकारी प्रति जनविश्वास अभिवृद्धि गरी सदाचार र सुशासन प्रवर्द्धन गर्न स्वार्थको द्वन्द्व व्यवस्थापनका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "स्वार्थको द्वन्द्व व्यवस्थापन सम्बन्धी ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरून्त लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “निजी स्वार्थ" भन्नाले सार्वजनिक हित वा सरोकार बाहेकको स्वार्थ सम्झनुपर्छ र सो शब्दले सार्वजनिक पदाधिकारी वा निजको परिवारको सदस्यको व्यक्तिगत, पेशागत वा व्यावसायिक स्वार्थलाई समेत जनाउँछ।

(ग) "परिवार" भन्नाले सार्वजनिक पदाधिकारीको पति, पत्नी, बाबु, आमा, छोरा, छोरी, दाजु, भाई, दिदी, बहिनी, नाती, नातिनी, बाजे, ठूलोबा, काका, फुपु, मामा, ससुरा, जेठान, साला, साली सम्झनु पर्छ र सो शब्दले त्यस्ता नाताका व्यक्तिको पति वा पत्नी तथा निजका छोरा, छोरीलाई समेत जनाउँछ।

(घ) "सचिव" भन्नाले नेपाल सरकारको सचिव सम्झनु पर्छ र सो शब्दले नेपाल सरकार वा प्रदेश सरकारको विशिष्ट श्रेणीको अधिकृत समेतलाई जनाउँछ।

(ङ) “सार्वजनिक पदाधिकारी” भन्नाले संविधान, कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा जिम्मेवारी निर्वाह गर्नु पर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले देहायको सार्वजनिक पद धारण गरेको व्यक्ति सकेत जनाउँछः-

(१) संविधान, अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश वा सम्झौता बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कर्तव्य पालना गर्नुपर्ने वा दायित्व निर्वाह गर्नु पर्ने पदमा बहाल रहेको व्यक्ति,

(२) विधायिकी, कार्यकारिणी, न्यायिक वा प्रशासनिक पदमा पारिश्रमिक पाउने वा नपाउने गरी स्थायी वा अस्थायी वा अन्य कुनै किसिमले नियुक्त, मनोनित वा निर्वाचित भएको व्यक्ति,

(३)सरकारी कोषबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा प्राप्त गर्ने गरी नियुक्त, मनोनित वा निर्वाचित भएको व्यक्ति,

(४)राष्ट्रपति, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सार्वजनिक संस्था समक्ष लिएको सपथबाट वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको निकाय वा सार्वजनिक संस्थासँग गरेको सम्झौता या कबुलियत वा शर्त बमोजिम वा सार्वजनिक कर्तव्य पालना गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको निकाय वा सोको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था वा अन्य कुनै सार्वजनिक संस्थाबाट तलब, भत्ता, पारिश्रमिक, सुविधा, हैसियत वा अन्य कुनै लाभ पाउने वा नपाउने गरी नियुक्त, मनोनित वा निर्वाचित व्यक्ति,

(५)सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको व्यक्ति,

(६)कुनै विवादको निरोपण गर्न प्रचलित कानून बमोजिम नियुक्त भएको मध्यस्थ, मेलमिलापकर्ता वा यस्तै हैसियतको अन्य कुनै व्यक्ति,

(७)प्रचलित कानून बमोजिम नियुक्त, निर्वाचित वा मनोनित लिक्विडेटर, सर्भेयर वा सोही प्रकृतिको हैसियतमा काम गर्ने व्यक्ति,

(८)नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सोको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण रहेको संस्था वा अन्य कुनै सार्वजनिक संस्थासँग भएको सम्झौता बमोजिम वा कुनै कार्य सम्पादन गर्न नियुक्त सल्लाहकार, परामर्शदाता, प्रतिनिधि वा विशेषज्ञ,

(९)प्रचलित कानून बमोजिम सार्वजनिक पद मानिने अन्य कुनै पदमा बहाल रहेको कुनै व्यक्ति,

(१०)नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कुनै व्यक्ति ।

(च) "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनु पर्छः

(१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय,

(२) संवैधानिक अङ्ग वा निकाय वा सो अन्तर्गतका कार्यालय,

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा प्रचलित कानून बमोजिम स्थापित संस्था, कम्पनी, समिति, आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड,

केन्द्र, परिषद, बैंक, मेडिकल कलेज र सोसँग सम्बद्ध अस्पताल वा यस्तै प्रकृतिका अन्य कुनै सङ्गठित संस्था,

(४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा सञ्चालित वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक अनुदान प्राप्त प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य कुनै प्राज्ञिक वा शैक्षिक संस्था,

(५) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको ऋण वा अनुदानबाट सञ्चालित वा जमानत प्राप्त संस्था,

(६) उपखण्ड (२), (३), (४) र (५) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको संस्था,

(७) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अनुमतिले वा सम्झौता अनुसार प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन, उपयोग वा विकास निर्माण सम्बन्धी काम गर्न गठित उपभोक्ता समिति वा यस्तै प्रकारका अन्य संस्था,

(८) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कुनै संस्था ।

(छ) "स्वार्थको द्वन्द्व" भन्नाले कुनै सार्वजनिक पदाधिकारीले सो हैसियतमा कुनै कार्य सम्पादन गर्दा वा निर्णय लिँदा पदीय हैसियतमा सम्पादन गर्नुपर्ने कार्य वा जिम्मेवारी र निजको निजी स्वार्थ बाझिएको अवस्था सम्झनु पर्छ ।

तर, बृहत्तर सार्वजनिक हितको उद्देश्यले कुनै कार्य सम्पादन गर्दा वा निर्णय लिँदा निजको निजी स्वार्थ समेत जोडिएको रहेछ भने त्यस्तो अवस्थालाई स्वार्थको द्वन्द्व मानिने छैन।

३. **<u>सार्वजनिक पदाधिकारीको जिम्मेवारी:</u>** (१) सार्वजनिक पदाधिकारीले स्वार्थको द्वन्द्व व्यवस्थापनको लागि आफू नियुक्त, मनोनयन वा निर्वाचित भई आफ्नो कार्यभार वा जिम्मेवारी सम्हाल्नु अघि आफ्नो निजी स्वार्थ रहन सक्ने विषय आफू कार्यरत निकायमा लिखित रुपमा जानकारी गराउनु पर्छ।

(२) प्रत्येक सार्वजनिक पदाधिकारीले सुशासन कायम गर्नको लागि यस ऐनमा व्यवस्था भए बमोजिम स्वार्थको द्वन्द्व व्यवस्थापन गर्नु पर्नेछ।

(३) सार्वजनिक पदाधिकारीले आफूले निर्णय गर्नु पर्ने विषयमा प्रत्यक्ष वा परोक्ष रुपमा आफ्नो निजी स्वार्थ रहेको भएमा त्यस्तो विषयमा निर्णय गर्न हुँदैन।

(४) कुनै सार्वजनिक पदाधिकारीलाई उपदफा (३) बमोजिमको अवस्था परी निर्णय गर्न नहुने भएमा सोको कारण खुलाई सोही निकाय वा कार्यालयमा आफू सरहको पदाधिकारी भए निजबाट निर्णय गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निर्णय गर्न नसकिने भएमा देहायका निर्णय गर्ने अधिकारी भए देहाय बमोजिम पेश गरी निकासा भए बमोजिम निर्णय गर्नु गराउनु पर्नेछः-

(क) मन्त्री वा मुख्य सचिव भए नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष,

(ख) संवैधानिक निकायको पदाधिकारी भए, बाँकी रहेका पदाधिकारी समक्ष,

(ग) विशिष्ट श्रेणीको सार्वजनिक पदाधिकारी भएमा मुख्य सचिव समक्ष,

(घ) अन्य सार्वजनिक पदाधिकारी भए एक तह माथिको पदाधिकारी समक्ष,

(ङ) कुनै सङ्गठित संस्थाको प्रमुख भए सम्बन्धित मन्त्रालयको सचिव समक्ष ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यसरी निर्णय गरिदा कुनै यस्तो पदाधिकारी समावेश नभएको विषयमा निर्णय गर्नु पर्ने भएकोमा उक्त पदाधिकारीले त्यो भन्दा माथिल्लो निकाय समक्ष पेश गर्नु पर्नेछ।

(७) कुनै सार्वजनिक पदाधिकारीले यस दफा विपरीत हुने गरी निर्णय गरेको रहेछ भने त्यस्तो निर्णय स्वतः बदर हुनेछ।

४. **निजी स्वार्थको विषय जानकारी गराउनु पर्ने:** (१) सार्वजनिक पदाधिकारीले स्वार्थको द्वन्द्व व्यवस्थापनको लागि आफ्नो पदीय हैसियत वा आफू संलग्न सार्वजनिक निकायले गर्नुपर्ने काम वा जिम्मेवारीमा आफ्नो निजी स्वार्थ भएमा सोको लिखित जानकारी नियुक्ति, सरुवा वा पदस्थापन भएको सात दिनभित्र आफू कार्यरत निकायमा अनुसूची-१ बमोजिमको ढाँचामा उद्घोषण गर्नुपर्नेछ।

(२) सार्वजनिक पदाधिकारीले उपदफा (१) बमोजिम निजी स्वार्थ भएको उद्घोषण नगरेमा त्यस्तो विषयमा निजको निजी स्वार्थ नरहेको मानिनेछ।

(३) उपदफा (१) बमोजिम निजी स्वार्थ रहेको उद्घोषण गरेको विषयमा सार्वजनिक पदाधिकारीले कुनै राय व्यक्त गर्न, सिफारिस गर्न वा निर्णय प्रकृयामा संलग्न हुनु हुँदैन।

(४) सार्वजनिक पदाधिकारीले उपदफा (१) बमोजिम कुनै जानकारी नदिई उपदफा (३) बमोजिमको प्रकृयामा संलग्न भएमा त्यस्तो निर्णय स्वतः बदर हुनेछ।

(५) उपदफा (३) बमोजिम जानाजानी निर्णय प्रकृयामा संलग्न हुने सार्वजनिक पदाधिकारीलाई कानून बमोजिम विभागीय कारबाहीको लागि सिफारिस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम विभागीय कारबाहीको सिफारिस भएमा त्यस्तो सिफारिस निजको सेवा शर्तसम्बन्धी कानूनमा समावेश भएको मानिनेछ।

(७) उपदफा (५) बमोजिम विभागीय कारबाही नहुने सार्वजनिक पदाधिकारी भए भविष्यमा त्यस्तो निर्णय प्रकृयामा संलग्न हुन अयोग्य भएको मानिनेछ।

(८) सार्वजनिक पदाधिकारीले उपदफा (३) विपरीत निर्णय प्रकृयामा संलग्न भएमा त्यस्तो कार्य प्रचलित कानून बमोजिम फौजदारी कसूर हुने रहेछ भने सो कसूरमा अनुसन्धान तथा कारबाही गर्न बाधा पर्ने छैन।

५. **उपहार सम्बन्धीः** (१) सार्वजनिक पदाधिकारीले आफू पदमा रहँदाका बखत कसैबाट कुनै किसिमको उपहार लिनु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक पदाधिकारीले आफ्नो पदीय हैसियतमा प्राप्त गरेको उपहार आफू कार्यरत सार्वजनिक निकायमा प्रचलित कानून बमोजिम दाखिला गर्न पर्नेछ।

(३) उपदफा (२) बमोजिमको उपहार दाखिला नगरेमा सो जफत गरी उपहार बराबरको रकम जरिबाना गरिनेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक पदाधिकारीले निश्चित मूल्यसम्मको उपहार निजले राख्न पाउने गरी नेपाल सरकारले निर्धारण गर्न सक्नेछ।

६. **करार गर्न नहुनेः** (१) सार्वजनिक पदाधिकारीले आफू कार्यरत सार्वजनिक निकायसँग निजी स्वार्थ रहेको विषयमा अर्थपूर्ण कारोबार हुने गरी करार गर्नु हुँदैन।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि "अर्थपूर्ण कारोबार" भन्नाले कुनै वस्तु वा सेवा खरिद, बिक्री, लेनदेन, भाडा वा लिज वा ठेक्का पट्टा सम्बन्धी कारोबार सम्झनु पर्छ।

(२) सार्वजनिक पदाधिकारीले उपदफा (१) विपरीत करार गरेमा सो करार स्वतः बदर हुनेछ।

(३) कसैले उपदफा (१) विपरीत करार गरेको कारणले सार्वजनिक निकायलाई हानि नोक्सानी भएको रहेछ भने निजलाई कानून बमोजिम कारबाही हुनेछ।

७. **प्रतिनिधित्व गर्न नहुने** : (१) सार्वजनिक पदाधिकारीले आफ्नो निजी स्वार्थ रहेको वा हुनसक्ने अवस्थामा नेपाल सरकार वा कानून बमोजिम अधिकारप्राप्त अधिकारीको अनुमति नलिई कुनै सरकारी वा गैरसरकारी स्तरमा आयोजना गरेका कार्यक्रम, सभा, सम्मेलन, आयोजना वा परियोजनामा प्रतिनिधित्व गर्न हुँदैन।

(२) सार्वजनिक पदाधिकारीले उपदफा (१) विपरीत प्रतिनिधित्व गरेमा निजलाई नेपाल सरकार वा कानून बमोजिम अधिकारप्राप्त अधिकारीले निश्चित अवधी तोकी भविष्यमा कुनै प्रतिनिधित्व गर्न रोक लगाउन सक्नेछ।

८. **<u>सार्वजनिक खरिद वा लिलामीको निर्णय गर्न नहुनेः</u>** (१) सार्वजनिक खरिद वा लिलामी गर्ने अधिकार प्राप्त भएको सार्वजनिक पदाधिकारीले आफू कार्यरत रहेको सार्वजनिक निकायमा आफ्नो निजी स्वार्थ वा स्वार्थको द्धन्द हुने गरी सार्वजनिक खरिद वा लिलामीको निर्णय गर्न हुदैन।

(२) उपदफा (१) को प्रतिकुल हुनेगरी कुनै निर्णय भएको रहेछ भने सो निर्णय प्रारम्भ देखि नै रद्द हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक पदाधिकारीले सार्वजनिक निकायमा खरिद वा लिलामी प्रकृयाको आव्हान तथा मूल्याङ्कन गर्न कुनै बाधा पर्ने छैन।

(४) सार्वजनिक पदाधिकारीले सार्वजनिक खरिद वा लिलामीको प्रकृयामा सहभागी हुँदा जुन बखतबाट स्वार्थको द्वन्द्व देखिएको हो सोही बखतबाट उक्त प्रकृयामा सहभागी हुनु हुँदैन।

९. **<u>अनधिकृत विदेशी सहयोग लिने नहुनेः</u>** (१) अधिकार प्राप्त सार्वजनिक पदाधिकारी बाहेक अन्य कसैले सरकारी वा गैरसरकारी संस्थासँग कुनै प्रकारको वैदेशिक सहायता, ऋण, प्राविधिक सहायता वा नगदी जिन्सी लिन वा लिनका लागि सिफ़ारिश गर्न वा अनुरोध गर्ने, गराउने वा त्यस्तो सम्झौता गर्ने, गराउने र त्यस्तो अनुदान लिने वा लिन लगाउने कार्य गर्नु हुदैंन।

(२) कसैले उपदफा (१) विपरीतको कार्य गरेमा सो कार्य स्वतः रद्द हुनेछ।

(३) उपदफा (१) विपरीत कुनै काम भइसकेको रहेछ भने निजले लिएको नगद, जिन्सी जफत हुनेछ र अधिकार प्राप्त अधिकारीले निजलाई अवधी तोकी वा नतोकी कुनै कार्य गर्न रोक लगाउनेछ।

१०. **<u>विदेशी पदाधिकारीसँग अनधिकृत पत्राचार वा भेटघाट गर्न नहुनेः</u>** (१) सार्वजनिक पदाधिकारीले तत्काल वा भविष्यमा आफू वा अन्य कसैलाई कुनै किसिमको लाभ प्राप्त गर्ने मनसायले आफ्नो कार्यसम्पादनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विदेशी सरकारी, गैरसरकारी वा सार्वजनिक पदाधिकारीसँग अनधिकृत पत्राचार वा भेटघाट गर्नुहुदैंन।

(२) कसैले उपदफा (१) विपरीत कुनै काम गरी लाभ वा वस्तु लिएको भएमा निजलाई त्यस्तो लाभ बराबरको रकम जरिवाना गरी सो वस्तु समेत जफत हुनेछ।

११. **<u>अनुचित प्रभाव, डर, धाक, धम्की वा दवाव दिन नहुनेः</u>** (१) कसैले आफ्नो वा अन्य कसैको निजी स्वार्थ पूरा गर्नको लागि कुनै सार्वजनिक पदाधिकारीलाई कुनै निर्णय गर्न वा नगर्नको लागि अनुचित प्रभाव डर, धाक, धम्की वा दवाव दिनु हुँदैन।

(२) कसैले उपदफा (१) विपरीत सार्वजनिक पदाधिकारीबाट कुनै कार्य गराएमा त्यस्तो निर्णय स्वतः बदर हुनेछ।

१२. **वाह्य गतिविधिमा संलग्न हुन नहुने:** (१) सार्वजनिक पदाधिकारीले सार्वजनिक पद धारण गर्न अघि कुनै पेशा, व्यवसाय वा कारोबारमा संलग्न रहेको भएमा देहाय बमोजिम व्यवस्थापन गर्नु पर्नेछः-

(क) त्यस्तो पेशा, व्यवसाय वा कारोबारको निर्णय गर्ने अख्तियारीबाट अलग हुनु पर्ने,

(ख) कुनै कारणले त्यस्तो पदबाट अवकाश वा अलग भएको एक वर्षसम्म त्यस्तो पेशा, व्यवसाय वा कारोबार सञ्चालन गर्ने अख्तियारी प्रयोग गर्न नहुने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका सार्वजनिक पद धारण गरेको व्यक्तिलाई कुनै पेशा, व्यवसाय वा कारोबार गर्न छुट दिन सक्नेछ।

(३) सार्वजनिक पदाधिकारीले उपदफा (१) विपरीत कुनै काम गरेमा निजलाई त्यस्तो सार्वजनिक पदमा रहन अयोग्य भएको मानिनेछ।

१३. **स्वार्थबस लुकाउन, छिपाउन वा जानकारी नदिन नहुनेः** (१) सार्वजनिक पदाधिकारीले आफ्नो वा अन्य कसैको स्वार्थ पूर्ति गर्नको लागि आफूले प्राप्त गरेको सार्वजनिक निकायसँग सम्बन्धित सूचना अधिकार प्राप्त अधिकारीलाई जानकारी नदिई त्यस्तो सूचना लुकाउन, छिपाउन वा अन्य कसैलाई जानकारी दिन हुँदैन।

(२) कसैले उपदफा (१) विपरीत कार्य गरी नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई प्रतिकूल असर परेको वा हानी नोक्सानी भएको रहेछ भने निजलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

१४. **पक्षपात गर्न नहुनेः** (१) सार्वजनिक पदाधिकारीले कर्तव्यपालनको सिलसिलामा आफ्नो वा अन्य कसैको स्वार्थ पूर्ति गर्नको लागि बृहत्तर हित विपरीत कुनै व्यक्ति वा समूहलाई कुनै लाभ, सुविधा, छुट दिन वा अर्को व्यक्ति वा समूहलाई त्यस्तो लाभ, सुविधा, छुट दिन वञ्चित गर्ने गरी पक्षपात गर्न हुँदैन।

(२) कसैले उपदफा (१) विपरीतको कार्य गरेमा त्यस्तो निर्णय रद्द गरी पुनः कारबाही शुरु गर्नुपर्नेछ।

(३) उपदफा (१) विपरीतको कार्य गर्ने निर्णयकर्तालाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

१५. **जानकारी दिनेः** (१) देहायका सार्वजनिक पदाधिकारीले आफू नियुक्त, मनोनयन वा निर्वाचित भएको तीस दिनभित्र र प्रत्येक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र अनुसूची-२ बमोजिमको विवरण सार्वजनिक गरी आफू कार्यरत सार्वजनिक निकायमा समेत पेश गर्नु पर्नेछ।

(क) राष्ट्रपति,

(ख) उपराष्ट्रपति,

(ग) प्रधानमन्त्री,

(घ) प्रधानन्यायाधीश,

(ङ) प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष,

(च) प्रदेश प्रमुख, नेपाल सरकारका मन्त्री, प्रदेश सरकारका मुख्यमन्त्री, नेपाल सरकारका राज्यमन्त्री र सहायक मन्त्री, संघीय संसदका सदस्य,

(छ) राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका प्रमुख, न्यायपरिषद्का सदस्य, महान्यायाधिवक्ता, प्रदेश सभाका सभामुख,

(ज) प्रदेश सरकारका मन्त्री, काठमाडौं महानगरपालिकाका प्रमुख, नेपाल सरकारका मुख्यसचिव, प्रधानसेनापति,

(झ) प्रदेश सभाका सदस्य, महानगरपालिकाका प्रमुख (काठमाडौं महानगरपालिका बाहेक), जिल्ला समन्वय समितिका प्रमुख,

(ञ) संवैधानिक निकायका पदाधिकारी, राष्ट्रिय योजना आयोगका सदस्य, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, संघीय संसदका महासचिव, उच्च अदालतका मुख्यन्यायाधीश, नेपाल राष्ट्र बैंकका गभर्नर,

(ट) नेपाल सरकार तथा प्रदेश सरकारका सचिव तथा विशिष्ठ श्रेणीका अधिकृत, प्रहरी प्रमुख, नेपाली राजदूत, रथी, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, मुख्य अनुसन्धान निर्देशक (राष्ट्रिय अनुसन्धान विभाग),

(ठ) उच्च अदालतका न्यायाधीश, मुख्य न्यायाधिवक्ता,

(ड) प्रदेश लोकसेवा आयोगका अध्यक्ष, नगरपालिकाका प्रमुख, उपरथी, प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक, प्रदेश लोकसेवा आयोगका सदस्य,

(ढ) सहसचिव, जिल्ला न्यायाधीश, नेपाल सरकारका विभागीय प्रमुख ,

(ण) गाउँपालिकाका प्रमुख,

(त) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको पदाधिकारी।

(२) सार्वजनिक पदाधिकारीले उपदफा (१) बमोजिम पेश गरेको विवरणमा आधारभूत परिवर्तन भएमा त्यस्तो परिवर्तन भएको तीस दिनभित्र अनुसूची बमोजिमको विवरण पेश गर्नु पर्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनका लागि "आधारभूत परिवर्तन" भन्नाले,-

(क) उपदफा (१) बमोजिम पेश गरेको विवरण वा निजले प्रतिनिधित्व गर्ने कुनै संस्थाको सम्पत्ति, दायित्व, वित्तीय वा व्यावसायमा परिवर्तन भएको, वा

(ख) निजको परिवारको कुनै सदस्य नरहेमा वा थपिएमा र त्यस्तो सदस्य नरहेको वा थपिएको कारणले उपदफा (१) बमोजिम पेश गरेको विवरणमा परिवर्तन भएमा वा हुने भएमा।

(३) सार्वजनिक पदाधिकारीले काबुबाहिरको परिस्थिति परी उपदफा (१) बमोजिमको समयावधिभित्र अनुसूची बमोजिमको विवरण पेश गर्न नसक्ने भएमा निजले सोको लिखित जानकारी आफू कार्यरत सार्वजनिक निकायमा दिई तीस दिनभित्र त्यस्तो विवरण पेश गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको समयावधि भित्र समेत निजले अनुसूची बमोजिमको विवरण पेश नगरेमा निजलाई सार्वजनिक निकायको कुनै पनि बैठकमा उपस्थित हुन वा कुनै कार्यक्रममा भाग लिनबाट रोक लगाइनेछ र सो विषय सार्वजनिक गरिनेछ।

**१६. <u>सार्वजनिक लिखत हुनेः</u>** (१) यस ऐन बमोजिम सार्वजनिक पदाधिकारीले दफा १५ को उपदफा (१) बमोजिम पेश गरेको विवरण सार्वजनिक लिखत हुनेछ।

(२) उपदफा (१) बमोजिमको लिखतमा सर्वसाधारणको पहुँच हुनेगरी सम्बन्धित सार्वजनिक निकायले आफ्नो वेबसाइटमा राख्नु पर्नेछ।

**१७. <u>आफ्नो तलब, भत्ता तथा सुविधा आफै निर्धारण गर्न नहुनेः</u>** (१) सार्वजनिक पदाधिकारीले आफ्नो तलब, भत्ता तथा सुविधा आफैंले निर्धारण गरी लिन हुँदैन।

(२) कसैले उपदफा (१) विपरीत आफ्नो तलब, भत्ता तथा सुविधा आफैंले निर्धारण गरी लिएको रहेछ भने राष्ट्रिय सतर्कता केन्द्रले सो रकम असुल उपर गरी सो बराबरको रकम जरिबाना गर्नु पर्नेछ।

तर, बृहत्तर सार्वजनिक हितको प्रयोजनका लागि तलब, भत्ता, सुविधा निर्धारण गर्दा त्यस्तो सार्वजनिक पदाधिकारी समेत लाभान्वित हुने रहेछ भने यो उपदफा लागू हुने छैन।

१८. **सचेतना अभिवृद्धि गर्नेः** नेपाल सरकारले सार्वजनिक पदाधिकारीको स्वार्थको द्वन्द्व विषयमा आवश्यकतानुसार सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

१९. **अलग रहनेः** (१) सार्वजनिक पदाधिकारी जुनसुकै कारणले त्यस्तो पदबाट अलग भएको एक वर्षसम्म आफू संलग्न भएको निकायसँग स्वार्थको द्वन्द्व हुने गरी कुनै काम गर्नबाट अलग रहनु पर्नेछ।

(२) कसैले उपदफा (१) विपरीत कुनै काम कारबाही गरेको रहेछ भने त्यस्तो काम कारबाही प्रारम्भ देखि नै रद्द हुनेछ।

(३) कसैले उपदफा (१) विपरीत काम गरेको कारणले कुनै हानि नोक्सानी भएको रहेछ भने निजलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

२०. **अनुगमनः** (१) सार्वजनिक निकायको प्रमुखले आफ्नो वा अन्तर्गतका सार्वजनिक निकायमा स्वार्थको द्वन्द्वको सम्बन्धमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा स्वार्थको द्वन्द्वबाट प्रभावित भई कार्य गरेको पाइएमा तुरुन्त सच्याउन सम्बन्धित अधिकारीलाई निर्देशन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशन सम्बन्धित अधिकारीले पालना नगरेमा सो सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउनु पर्नेछ।

२१. **उजुरीः** (१) सार्वजनिक पदाधिकारीले यस ऐन विपरीत कार्य सम्पादन गरेको रहेछ भने सो सम्बन्धमा जोसुकैले सम्बन्धित सार्वजनिक निकाय वा सोको तालुक निकायमा उजुरी दिन सक्नेछ।

तर, सार्वजनिक निकाय प्रमुखले नै यस ऐन विपरीत कार्य गरेको भएमा तालुक सार्वजनिक निकायमा उजुरी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखले आवश्यक छानबिन गर्न वा गर्न लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम छानबीन गर्दा कुनै कैफियत देखिएमा उक्त काम कारबाही बदर गरी कानून बमोजिम कारबाही शुरु गर्न वा गर्न लगाउनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम सम्बन्धित सार्वजनिक निकायले काम कारबाही बदर वा कानून बमोजिम कारबाही शुरु नगरेमा तालुक सार्वजनिक निकायको प्रमुखले आवश्यक कारबाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउनु पर्नेछ।

२२. **जरिबानाः** कुनै सार्वजनिक निकायले छानबिनको लागि दफा २० बमोजिम लेखी पठाएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबीन गर्दा सार्वजनिक पदाधिकारीले यस ऐन विपरीत

काम कारबाही गरेको देखिएमा त्यस्तो पदाधिकारीलाई एकलाख रुपैंयासम्म जरिबाना गरी उक्त निर्णय रद्द गर्न लगाउनु पर्नेछ।

२३. **<u>अभिलेख पुस्तिका राख्नु पर्ने:</u>** दफा ३ को उपदफा (१) को प्रयोजनको लागि देहायका सार्वजनिक पदाधिकारीले आफू कार्यरत सार्वजनिक निकायमा अभिलेख पुस्तिका राख्नु पर्नेछः-

(क) मन्त्रिपरिषद्का सदस्य, मुख्य सचिव र सचिवको हकमा मुख्य सचिवले,

(ख) मन्त्रालय, आयोग, केन्द्रीयस्तरका निकाय, सचिवालय वा कार्यालयका कर्मचारीको हकमा सम्बन्धित सचिवले,

(ग) न्यायाधीशको हकमा न्याय परिषद्को सचिवले,

(घ) अदालतका कर्मचारीको हकमा मुख्य रजिष्ट्रारले,

(ङ) संघीय संसदका सदस्य र कर्मचारीको हकमा संघीय संसदका महासचिवले,

(च) प्रदेश सभा संसद र कर्मचारीको हकमा प्रदेश सभाका सचिवले,

(छ) स्थानीय तहको पदाधिकारी र कर्मचारीको हकमा प्रशासकीय प्रमुखले,

(ज) विभागीय प्रमुखको हकमा सम्बन्धित सचिवले,

(झ) विभागका कर्मचारी र कार्यालय प्रमुखको हकमा विभागीय प्रमुखले,

(ञ) कार्यालयका कर्मचारीको हकमा कार्यालय प्रमुखले,

(ट) सङ्गठित संस्थाहरूको प्रमुखको हकमा सम्बन्धित मन्त्रालयको सचिवले,

(ड) सङ्गठित संस्थाका कर्मचारीको हकमा सम्बन्धित सङ्गठित संस्थाको प्रमुखले निर्धारण गरे बमोजिम हुनेछ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

<u>सार्वजनिक पदाधिकारीले स्वार्थको द्वन्द्व सम्बन्धी स्वःघोषणा</u>

१. नामः

२. पदः

३. ठेगानाः

(क) स्थायी :

(ख) अस्थायी :

(ग) टेलिफोन नम्बर :

(घ) इमेल ठेगाना :

४. सार्वजनिक निकायको नाम र ठेगानाः

५. नियुक्ति, मनोनयन वा निर्वाचित भएको पद र मितिः

६. सार्वजनिक निकायसँग आफ्नो हित, चासो वा सरोकार भए वा नभएकोः

७. नियुक्ति, मनोनयन वा निर्वाचित हुनुअघीको पेशा वा व्यवसायः

८. अन्य केही भएः

माथि उल्लेख भएको विवरण जाने बुझे थाहा भएसम्म ठीक छ, फरक परे कानून बमोजिम सहुँला बुझाउँला।

दस्तखत............

नामः

पदः

मितिः

अनुसूची-२

(दफा १५ सँग सम्बन्धित)

<u>सार्वजनिक पदाधिकारीले खुलाउनु पर्ने विवरण</u>

१. नामः

२. पदः

३. ठेगानाः

(क) स्थायी :

(ख) अस्थायी :

(ग) टेलिफोन नम्बर :

(घ) इमेल ठेगाना :

४. नियुक्ति, मनोनयन वा निर्वाचित भएको पद र मितिः

५. पारिवारिक विवरणः

(क) बाबुः

(ख) आमाः

(ग) पति/पत्नीः

(घ) छोरा, छोरीः

(ङ) दाजु, भाईः

(च) दिदी, बहिनीः

(छ) सासु, ससुराः

(ज) अन्यः

६. आफ्नो हित, चासो वा सरोकारको क्षेत्रः

७. नियुक्ति, मनोनयन वा निर्वाचित हुनु अघिकोः-

क. पेशाः

ख. व्यवसायः

ग. मासिक र वार्षिक आम्दानीः

घ. वार्षिक कर तिरेको रकमः

ङ. कुनै दान, उपहार पाएको भए सोको विवरणः

च. परामर्शदाता भए निकायको नाम र प्राप्त सुविधाको विवरणः

८. सम्पत्ति (चल र अचल) र दायित्वः

९. परिवारको सम्पत्ति र पेशा वा व्यवसायः

१०. लगानी (शेयर, डिबेन्चर):

११. कुनै फर्म, कम्पनी वा संस्थामा संलग्न भए सोको विवरणः

१२. सवारी साधन भए सो प्राप्त गरेको स्रोत र मितिः

१३. समाजसेवामा संलग्न भए सो संस्थाको विवरण र आवद्ध भएको मितिः

१४. कसैलाई एकलाख रुपैंयाभन्दा बढी चन्दा दिएको भए सोको विवरणः

१५. दण्ड सजाय पाएको भए सोको विवरणः

१६. अन्य विवरणः

माथि उल्लेख भएको विवरण जाने बुझे थाहा भएसम्म ठीक छ, फरक परे कानून बमोजिम सहुँला बुझाउँला।

दस्तखत............

नामः

पदः

मितिः

सार्वजनिक निकायको नामः